# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २६ गते ०८ साल

## भाग ११

## यातायात र संचार विभागको सूचना

नेपाल काठमाडौं ४ भञ्ज्याङ्का तपसीलमा लेखिएका ठाउँमा मोटर जाने बाटोमा ठीक ठीक टायममा बस मोटर चल्ने गरी जनतालाई सुबिस्ता दिन मोटर बस चलाउन चाहने व्यक्तिहरूले यही २००८ साल चैत्र मसान्तसम्म इजाजतको निमित्त आफूले चलाउने विवरणसमेत स्पष्ट खोली दरसमेत किटी लेख्नुहोला। कमी दरमा चलाउन मन्जूर गर्नेले पाउनेछन् । तर एकहट्टी ठेका कसैलाई पनि दिइनेछैन । अरू कुराको हकमा यस विभागबाट निर्धारित गरी दिएका शर्त-बमोजिम काम गर्नुपर्छ । म्यादभित्रमा मोहरु १ को टिकट टाँसी रजिष्टरीद्वारा

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

दरखास्त आउनुपर्छ । म्याद नाघेपछि दरखास्तको कारवाई हुनेछैन । यस विभागमा पहिले दरखास्त दिएका व्यक्तिहरूले पनि फेरि सविवरण दरखास्त दिनुपर्छ ।

तपसील

रानीपोखरीबाट असन, इन्द्रचोक र जुद्धसडक हुँदै डिल्लीबजार भई भक्तपुर टुँडिखेलसम्म — १

रानीपोखरीबाट भोटाहिटी, असन, इन्द्रचोक, जुद्धसडक र त्रिपुरेश्वर भई पाटन मङ्गलबजारसम्म — १

रानीपोखरीबाट असन, इन्द्रचोक, जुद्धसडक, त्रिपुरेश्वर र कालिमाटी भई थानकोटसम्म — १

रानीपोखरीबाट असन इन्द्रचोक, काठमाडौं र भीमसेनथानको बाटो गरी थानकोटसम्म — १

रानीपोखरीबाट असन, इन्द्रचोक, नयाँसडक भई बिजुलीअड्डाको बाटो गरी रानीपोखरी, कमलपोखरी, नक्साल भई पशुपतिदेखि गुह्येश्वरीसम्म — १

रानीपोखरीबाट बाँसबारी हुँदै बूढानीलकण्ठ र टोखासम्म — १

रानीपोखरीबाट नक्साल, चाबहील बौद्ध हुँदै गोकर्ण भई सुन्दरीजलसम्म — १

रानीपोखरीबाट असन, इन्द्रचोक भई जुद्धसडकबाट गोदावरीसम्म — १

रानीपोखरीबाट असन, इन्द्रचोक भई जुद्धसडक र त्रिपुरेश्वर भई दक्षिणकालीसम्म — १

रानीपोखरीबाट भक्तपुर हुँदै बनेपासम्म — १

रानीपोखरीबाट नक्साल हुँदै साँखुसम्म — १

रानीपोखरीबाट नयाँसडक सिनेमाहलसम्म — १

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१
रानीपोखरीबाट ठिमीसम्म —————— १
पाटनबाट भादगाउँसम्म —————— १
इन्द्रचोकबाट बिजुलीअड्डा भई डिल्लीबजारसम्म —————— १
इन्द्रचोकबाट त्रिपुरेश्वर भई जाउलाखेलसम्म —————— १
इन्द्रचोकबाट म्यूजियमसम्म ——————

गोरखापत्र छापाखानाबाट प्रकाशित

श्री सरदार विष्णु … जोशी … २००८

252

250

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हु